# प्रदेश सभा
## सुदूरपश्चिम प्रदेश
२०७६/०२/०१
चौथो अधिवेशन
(पहिलो बैठक)
बाचन पत्र (रिडिङ्ग पेपर)

१. **माननीय सदस्यहरू,**

यस सभाको चौथो अधिवेशनको पहिलो बैठकको कार्वाही प्रारम्भ हुन्छ ।

२. **माननीय सदस्यहरू,**

चौथो अधिवेशनको पहिलो बैठकमा सम्पूर्ण माननीय सदस्यहरूलाई हार्दिक स्वागत छ । यो अधिवेशन उपलब्धी मूलक रहोस भनी शुभेक्षा व्यक्त गर्दछु । माननीय सदस्यहरुले अझै मर्यादित तथा अनुशासितत भई सक्रियरुपमा सहभागी हुदैं बैठक सञ्चालनमा सहयोग पुऱ्याउनु हुने छ भन्ने अपेक्षा राखेको छु ।

३. **माननीय सदस्यहरु,**

संघीय लोकतान्त्रीक गणतन्त्र प्राप्तीका लागि संघर्ष गर्दै आफ्नो प्राणको आहुती दिने ज्ञात अज्ञात सहिदहरू प्रति सम्मान प्रकट गर्दै आ-आफ्नो स्थानबाट उठेर १ (एक) मिनेट मौनधारण गर्न सम्पूर्ण माननीय सदस्यहरूलाई आग्रह गर्दछु ।

माननीय सदस्यहरू, आ-आफ्नो ठाउँबाट उठेर एक मिनेटको मौनधारण गरौं ।

***(मौनधारण गरिसके पछि)***

४. **माननीय सदस्यहरू,**

प्रदेश प्रमुखको कार्यालयबाट मिति २०७६।०१।२७ च.नं.१४९ को पत्र प्राप्त हुन आएको छ। अब, म उक्त पत्र पढेर सुनाउछु ।

**विषयः प्रदेश सभाको चौथो अधिवेशन आव्हान गरिएको ।**

माननीय सभामुखज्यू,
प्रदेश सभा, सुदूरपश्चिम प्रदेश,
धनगढी, कैलाली ।

नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम सुदूरपश्चिम प्रदेशको प्रदेश सभाको चौथो अधिवेशन सम्वत् २०७६ साल जेष्ट १ गते बुधबार दिनको ३:०० बजे बस्ने गरी आव्हान गरेको छु ।

**बोधार्थ**
माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
धनगढी, कैलाली ।

मोहनराज मल्ल
प्रदेश प्रमुख

*(पत्र पढेर सुनाईसकेपछि)*

५. **माननीय सदस्यहरू,**

चौथो अधिवेशनको पहिलो बैठक भएकोले शुभकामना आदान प्रदान प्रयोजनका लागि प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनैतिक दलहरूबाट प्रतिनिधित्व हुने गरी केही माननीय सदस्यहरूलाई बोल्ने अवसर प्रदान गर्न सुदूरपश्चिम प्रदेशको प्रदेश सभा नियमावली, २०७४ को नियम ५७ बमोजिम विशेष समय निर्धारण गरेको छु । सर्व प्रथम माननीय तारालामा तामाङ्ग लाई समय दिन्छु ।

**माननीइ तारालामा तामाङ्ग :** माननीय सभामुख महोदय, आज हामी तेस्रो अधिवेशन समापन पश्चात चौथो अधिवेशनको पहिलो बैठकको शुभारम्भ हुन गईराखेको छ । माननीय प्रदेश प्रमुखज्यूले आव्ह्वान गरे बमोजिम हामीले यो सदन आज बसिराखेको छ । त्यसको लागि म नेपाल कम्युनिष्ठ पार्टि ने.क.पा. संसदीय दलको तर्फबाट र व्यक्तिगत रुपले पनि शुभकामना दिन चाहान्छु र बधाई दिन चाहान्छु । यो बैठकले हामी सदूरपश्चिम बासिहरुको सु.प.लाई सुदूरपश्चिमलाई समृद्ध सुदूरपश्चिम बनाउन र सुदूरपश्चिम बासिको मुहारमा आशाको किरणहरु मुखमा अनुहारमा देखिने गरि हामीले काम गर्न सकम यही शुभकामना दिन चाहान्छु र सरकारले पनि विभिन्न बाधा अड्चनका बावजुत संघीयतामा देश गईसकेपछि संघीयताको सबै भन्दा राम्रो र संघीयता देखिने गरि यही प्रदेश सरकार,

प्रदेश सभा भा को कारणले संघीयतालाई राम्रो बनाउने, संघीयता राम्रो हुने नहुने कुरामा हामीले खेलेको भुमिकाले महत्वपूर्ण स्थान रहने भएकोले चाहे त्यो केन्द्रको सरकार होस चाहे स्थानीय तहका जनप्रतिनिधीले गरेका कुराहरु किन नहोस यि सबैलाई व्यालेन्स गरेर अगाडी हिड्नुपर्ने चुनौति हामी सामु छ त्यो चनौतिको बावजुत पनि प्रदेश सरकारले प्रदेशको जनताको लागि विगतमा केहि गर्न खोजिएको र गर्न खोजिराखेको छ र त्यो गरि रहदा केहि बाधाका कारण हामीले देशमा गणतन्त्र ल्यायौ, संघीय व्यवस्था ल्यायौ तर कर्मचारी समायोजनको सन्दर्भमा अली होमवर्क कमी भा को कारणले कर्मचारी समायोजनको सबै भन्दा ठुलो मार प्रदेश सरकार परेको कारणले जनताले देखिने गरि काम नभएको जस्तो देखिएको छ तर यसको मतलब प्रदेश सरकारले केहि काम गर्न खोजिएता पनि केहि काम सुचारु भईराखेको छ, केहि काम हुन बाँकी  छ, केहि काम हुनलाई अगाडी बढिराखेको छ यो बावजुत पनि जनताले अझै प्रदेश सरकारबाट धेरै आशा अपेक्षा राखेको कारणले प्रदेश सरकारको काममा अझै मान्छे प्रदेश सरकारलाई वार गर्नुको मतलब संघीयतालाई नै वार गर्न सजिलो हुने भएकोले त्यतातिर केहि समुहहरु, व्यक्तिहरु उद्दत भएको देखिन्छ त्यस कारणले हामीले साच्चै संघीयतालाई राम्रो बनाउने हो भने हामीले हाम्रो प्रदेशलाई कसरी राम्रो बनाउने प्रदेश सभा मार्फत प्रदेश सरकार मार्फत जनतालाई अनुभुति हुने गरि सबै एकजुट भएर अगाडी बढ्नुको विकल्प हामीमा छैन म फेरी पनि यहाँहरुलाई आव्हवान गर्न चाहान्छु । प्रदेशमा हामीले यो बैठकले अर्थात यो चौथो अधिवेशन खासगरि बजेट अधिवेशनको रुपमा पनि चिनिएको हुनाले हामीले विनियोजित गरेको बजेटहरु कसरी अझ राम्रो, अझ उपलब्धीमुलक, अझ जनतालाई खुशी हुनेगरि कसरी लान सकिन्छ हामी सबैले यो सत्रमा छलफल गरौ, छलफल गरेर अगाडी बढौ र अगाढी बढेपछि हामीले यो प्रदेशको समृद्ध प्रदेश बनाउँनको लागि सबै राजनितिक दलको माननीय सांसदज्यूहरु र विभिन्न बुद्धिजिवी, पत्रकार र विभिन्न नागरिक समाजहरुलाई पनि यसलाई सफल बनाउनमा सहयोगको म संसदीय दलको तर्फबाट आव्हवान गर्न चाहान्छु र हामीले लामो संघर्ष पश्चात प्राप्त गरेको यो संघीय व्यवस्थालाई अठुट रुपले संघीय व्यवस्थालाई राम्रो बनाउनको लागि केन्द्र सरकारलाई पनि अहिले यसो हेरिरहदा केन्द्र सरकारले अझै केहि अधिकारहरु दिन अलि कन्जुसाई गर्न खोजिराखेको जस्तो र स्थानीय तहमा अलि कोडिनेशनको पाटो कमी जस्तो देखिएको हामीले महसुस गरेका छौ । यो सत्रमा हामीले एकमतका साथ हाम्रो प्रदेश मात्र नभएर समग्र संघीय व्यवस्थालाई राम्रो बनाउनको लागि केन्द्र सरकार सँग पनि केन्द्रीय सरकार सँग पनि संविधानले प्रदत्त गरेको अधिकारहरुलाई छिटो भन्दा छिटो कार्यान्वयनमा ल्याउन प्रदेश सरकार यो प्रदेशमा जनताको काम गर्न तमतयार भैराखेको बेलामा त्यो कामलाई सघाउ पुग्ने गरि केन्द्र सरकार लाग्न र प्रदेश सरकारको काममा स्थानीय तहका जनप्रतिनिधीहरुले पनि यस प्रदेशलाई अझ होस्ठेमा हैसे मिलाएर अगाडि बढ्नमा हामीले भुमिका लेख्नु पर्नेछ र यति हुदाहुदै पनि हामी प्रदेश सरकारलाई प्रदेश सभाको तर्फबाट हामीले बनाउनु पर्ने विधेयकहरु, हामीले निर्माण गर्नुपर्ने नीति निर्माणलाई सबै सँग सहकार्य गरेर अझै अगाडि

बढ्न सकोस र यो चौथो अधिवेशनको पहिलो दिन भा को कारणले आजै देखि हामी हाम्रो सुदूरपश्चिमलाई राम्रो कसरी बनाउने यस तर्फ अगाडि बढ्न हामी सकुम र यो कामको लागि हामी संसदीय हाम्रो संसदीय दलले हामी सरकारलाई हरेक कुरामा सघाउ पुऱ्याउने सरकारको कामलाई कार्यान्वयन गराउने सवालमा र हामी सुरुवाती चरणमा भएको कारणले केहि कामहरु गर्दा एउटाको काम अर्कोले पनि अलि बाधा जस्तो देखिन सक्छ तर सुरुवाती काम भएको कारणले हामीले सबै बर्गलाई समेटेर अगाडि बढ्नु पर्छ, सबै बर्गलाई हामीले कसरी लान सकिन्छ लानुपर्छ र अगाडि हामीले धेरै चुनौतिहरु छन् । त्यो चुनौतिहरुको सामना गर्ने हो भनेको हामी प्रदेश सभा होस, प्रदेशका सरकार होस एकजुट भएर यदि अगाडि बढ्ने हो भने हाम्रो संघीयता पनि बलियो हुन्छ, हाम्रो यो सुदूरपश्चिम पनि बलियो हुन्छ र राज्यले अझै पनि सुदूरपश्चिमलाई भागमा पारेको कुराहरु भागमा कुनै काम गर्नै पर्ने ७ भाग लाउदाखेरी पर्ने कुराहरु मात्रै राज्यको दृष्टिकोण परेको कुनै काम शुरु गर्दा पनि अन्तबाट शुरु गर्दै लास्टमा मात्रै हाम्रो ठाउँमा गर्ने जुन परिपाटि छ यसको अन्तको लागि पनि हामी एकजुट हुनुपर्नेछ । अहिले हामी सुन्दै छौ जुनसुकै राष्ट्रिय यो गौरवका योजनाहरु कार्यान्वयन गर्दा किन नहोस जुनसुकै कुरा पनि कि पूर्वबाट शुरु हुने कि काठमाण्डौबाट शुरु हुने, कि मध्यपश्चिमबाट शुरु हुने तर कहिल्यै पनि हामी पश्चिमबाट शुरु हुने कुरा हामीले विरलै मात्र सुन्ने गरेका छौ । त्यस कारणले यसको लागि पनि राजनैतिक सहमतिका साथ हामी एकजुट भएर अब सुदूरपश्चिमलाई राज्यले हेर्ने दृष्टिकोणमा पनि परिवर्तन ल्याउनको लागि साझा मुद्दाहरुमा पनि हामी एकजुट हुनै पर्छ । हामी सरकार एउटा बोली बोल्ने, सांसदहरु एउटा बोली बोल्ने, राजनैतिक दल एउटा बोली बोल्ने भयो भने हाम्रो विकास अलि ढिलो हुन सक्छन त्यस कारणले यस्तो कामको लिडिङ हाम्रो सरकारले गर्नेछ । यस्तो कामको नीतिगत यस्तो कामको कानूनहरु बनाउदाखेरी सरकारलाई सुझाव दिने काम प्रदेश सरकारले गर्नेछ यि कुराहरु राख्दै म फेरी पनि संसदीय दलको तर्फबाट यो चौथो अधिवेशनको पहिलो दिनको सबै माननीयज्यूहरुलाई बधाई शुभकामना विगतको दिनहरुमा जसरी यहाहरुको अमुल्य समय र अमुल्य सुझाव, योगदान यहाहरुको भा को छ अझ यो सत्रमा अझ राम्रो भूमिका होस हाम्रो प्रदेशलाई अझ राम्रो प्रदेश बनाउन, सरकारलाई अझै राम्रो सुचारु रुपले संचालन गर्नमा सहयोग गर्न र सरकारले पनि सबै सांसदहरुलाई सल्लाहा लिएर यो बजेटको सत्र पनि भा को कारणले कसरी अगाडि बढ्न सकिन्छ यस तर्फ पक्कै ध्यान दिने विश्वाश गर्दै म पुनः यो सत्रको शुभकामना दिदै विदा हुन्छु धन्यवाद ।

**माननीय रण बहादुर रावल :** माननीय सभामुख महोदय, माननीयज्यूहरु सर्व प्रथम त सम्पूर्ण यस चौथो अधिवेशन र बर्षे अधिवेशनमा पाल्नु भएका सम्पूर्ण माननीयमन्त्रीज्यू लगायत माननीयज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरुमा शुभकामना दिन चाहान्छु । मलाई लाग्छ आजै यस चौथो अधिवेशनले यो प्रदेशको नयाँ रुप एउटा गतिशिल हिसाबले विगत भन्दा अलि फरक दृष्टिले यो प्रदेशले योजनाहरु ल्याउन सकोस, रिजल्ट वरिन्टेट योजनाहरु

ल्याउँन सकोस, विगतका कमीकमजोरीहरुलाई त्यागेर नयाँ ढंगले अगाडि बढोस भन्ने पनि शुभकामना दिन चाहान्छु । साथै यसै सरकारले विगतको बजेट योजना बनाउदा र कार्यान्वयन गर्दा जुन दृष्टिले हामीले हेर्‍यौ सही ढंगले पारदर्शि हिसाबले पनि अगाडि बढेको हामीले पाएका छैनौ । केहि पारदर्शि कुराहरु देखिएता पनि समग्र रुपमा कोठे हिसाबले योजनाहरु तर्जुमा हुने, डल्ला बजेटहरु पनि कोठे हिसाबले पनि फुट्ने, टुक्राईने त्यो पनि मैले त सोच्या थिए प्रतिपक्षलाई मात्रै बञ्छित गरेकोहोला भनेको सत्तापक्षका पनि तमाम माननीयज्यूहरुलाई बञ्छित गरेर समय समयमा त्यो योजनाहरु मन्त्रीपरिषद्ले कार्यान्वयन गर्ने निर्णय गर्ने मलाई लाग्छ ती पाटाहरु चाहि अहिले आउदैनन यो चौथो अधिवेशनले यो बजेट अधिवेशन पनि हो ती सिकाईहरुलाई मनन गरेर हाम्रो पूर्ववक्ता माननीय साथिले भने जस्तै कमसेकम यो प्रदेशको उन्नती, प्रगति र समृद्धिको लागि पनि उहाले पनि आफ्नो साना तिना स्वार्थहरुलाई त्यागेर समग्र सुदूरपश्चिमका जनताहरुको पक्षमा योजनाहरु आवस त्यसमा हामी सबै सत्तापक्ष, प्रतिपक्ष नभनेर साथ दिन फेरी पनि तयार छौ । तर प्रवृत्ति त्यहि दोहोरियो भने मलाई लाग्छ माननीय सभामुख महोदय, त्यसमा हामीले अलग फरक तरिकाले हाम्रो प्रस्तुती हुनु पर्ने आवश्यकता ठान्दछु । प्रदेश सरकारले २०७४।०७५ को बजेट ल्यायो अल्पकालिन बजेट जसको प्रतिशतको हिसाबले म यहा भन्नै लाज लाग्छ । जसरी आयो त्यसरी सिदियो कसैलाई थाहा छैन धनगढीका होटेल र सेमिनार हललाई थाहा होला तर हामीलाई त्यती थाहा भएन केहि रिपोर्ट त आएको छ तर खासै त्यसको तात्तिक भिन्नता देखिदैन तर त्यसबाट शिक्षा लिएको पनि नदेख्दा अहिले २०७५।०७६ को बजेटमा कुनै त्यस्तो छाप परेको देखिदैनन । त्यसै गरेर २०७५।०७६ को बजेट कमसेकम २५ अवल ६ करोड ५६ लाख आयो विकास तर्फ करिब ११ अरब ... छुट्टयाएको थियो तर खर्च भने चैत्र मसान्त सम्मको हेर्दा १ अर्ब ५५ करोड छ । त्यो झण्डै चाइनी १३.२३ प्रतिशत छ । बाँकी झण्डै झण्डै १० अर्ब १६ करोड बाकी छ यो विकास तर्फको बजेट चालु तर्फ पनि हेर्दा १३ अरब ३५ करोड ८ लाख छुट्याईएको छ । तर खर्च भने २ अर्ब १३ करोड देखाईएको छ । बाँकी ११ अरब २२ करोड झण्डै झण्डै १६ प्रतिशत छ तर समग्रमा हेर्नेहो भने अहिले चैत्रको अन्तिम सम्ममा करिब करिब २१ अरब २८ करोड जति बाँकी छ । सभामुख महोदय, आज १० महिना पुगिसक्यो अबको २ महिनामा हामीले यो बैशाखको कति गर्नु भो अब आउला अबको २ महिनामा हामीले खर्च गर्दा अहिले प्रतिदीन हाम्रो माननीय मन्त्रीजी अलि सबल पनि हुनुहुन्छ । प्रतिदिन झण्डै झण्डै उहाले ४० करोड रुपैया फटाफट खर्च गर्नुपर्छ । प्रतिदिन मलाई लाग्छ उहाहरु सक्षम हुनुहुन्छ अबको २ महिनामा अब यो असाढे विकासको नाममा भटाभट खर्च हुनेछन झन सतप्रतिशत बनाउनु हुन्छ भन्ने मैले विश्वाश लिएको छु । अर्थ मन्त्रीले बजेट छुट्याउने हो सम्बन्धित मन्त्रालयका मन्त्रिहरुले त्यो कसरी कार्यान्वयन गर्ने हो सर्न्दभमा उहाहरु आफै जिम्मेवार हुनुहुन्छ होला तर जुन दृष्टिले जुन हिसाबले सम्बन्धित विषयगत मन्त्रालयले काम गरेको हेर्दा बास्तवमा सुदूरपश्चिमका जनताहरुको शिर झुक्यो आज त्यहि कुराहरु पनि संघको हेर्नुहुन्छ भने झण्डै झण्डै प्रतिदिन ३ अरब खर्च गर्नुपर्ने स्थिति छ आज बजेट

बनाउने तर कार्यान्वयन नगर्ने तर कार्यान्वयन किन हुदैनन त कार्यान्वयन नहुने कारण यि हुन कि जब आफ्नो स्वार्थ अगाडि सारिन्छ जब आफ्नो नजिकको मान्छे अगाडि सारिन्छ नजिकको जो पार्टि अगाडि सारिन्छ अनि नियम कानूनहरु एकातिर पस्छ त्यसैले माननीय सभामुख महोदय बहुत गम्भिर छ यि प्रश्नहरु अब कसरी पढ्ने यि कुराहरु महत्वपूर्ण हुन अर्को तर्फ राजश्वको बजेट योजना कार्यान्वयनको सन्दर्भमा कुनै पनि सरकार आए पनि विगतको भ्याएको हुदैन कुनै योजनाहरु हुन्छन कुनै बहुबर्षिय योजनाहरु पनि हुन्छन ती योजनाहरुलाई निरन्तरता दिनुपर्ने हुन्छ होइन भने ती योजनाहरुलाई त्यहा यो समाप्त भयो भनेर छोड्नुपर्ने हुन्छ । होईन भने नया नया योजनाहरु थप्दै जाने पुराना ठुला ठुला महत्वपूर्ण योजनाहरु छोड्दै जाने हो भने बजेटहरु विनियोजित नगर्ने हो भने मलाई यस्ले त मलाई लाग्छ प्रदेशलाई होईन समग्र यो प्रदेश धरापमा पर्ने स्थिति छ माननीय सभामुख महोदय, यसलाई गम्भिरताका साथ यो सरकारले हामी सम्पूर्ण जिम्मेवार माननीय सदस्यहरुले साथ दिनु पर्छ जस्तो लाग्छ यो प्रक्रिया जसरी हुन्छ घटाउनु पर्छ र नयाँ ढंगले अगाडि जानु पर्छ भन्ने मलाई लाग्छ । अर्को विशेष गरि बहुतै बहुतै दुखः लाग्दो कुरा भर्खरै २० बैशाखको दौरान जति जति यो सरकारले प्रतिपक्ष लगायत सम्पूर्ण बोलाएर हामी हरेक कुराहरुमा सहमति सहकार्य गरेर कार्यविधि बनाउदा पनि गर्छु भने यहि ईतिहासबाट माननीय मन्त्रीहरु र मुख्यमन्त्रिज्यूले बोल्नु भएको हो आज एक बोल्ने गर्नेबेला अर्कै गर्ने । क्यावििनेटले निर्णय गर्छ बजेट विशेष बजेट भनेर करोडका करोड जिल्लामा जान्छ नि अब जिल्लामा गएर काम भए त प्रदेश कै काम हुन्थ्यो जिल्लामा गएपछि जब एक एक अरब एकएक करोडका बजेटहरु पनि त्यो जब त्यसको उपभोक्ता समितिबाट गर्ने निर्देशन हुन्छ त्यस पछि यहा दुखःको कुरा कहि १० लाख पनि टेण्डरबाट हुने काहि करोड पनि टेण्डरबाट नगर्ने एउटा उपभोक्ता समितिबाट बनाउने यो त साच्चिकै नियम यो विधि सम्बत बर्खिलाप, यो त मलाई लाग्छ हामी कुन हिसाबले यहा सभासद भएर आएका थियौ । आज हाम्रो जिम्मेवारी के हो ? हाम्रो स्रोत साधनलाई दोहन गरेर त्यस्तो हिसाबले मात्रै बनाउने हो भने ठिक छ बनाउँ न तर प्रदेशको जनताको दयनिय अवस्थालाई बुझ्ने कि नबुझ्ने, आज संघीयता के कारणले लागु भएको हो विगतमा केन्द्रिय सरकारले एक महिना हेलचकाई गर्दा आज हामी चाहि प्रदेशमा कमसेकम त्यहा गएपछि नियम बनाउन गरिमामय सभा प्रदेश सभा बनाएको छ । स्थानीय सरकार त्यतिकै बलियो बनाएको छ । सरकारले यत्रो अधिकार सम्पन्न बनाउदा बनाउदै आज यो अवस्था किन आएको छ । आज त्यो करोडौ रुपैया झण्डै झण्डै अरबौ रुपैया आज फेरी फर्किने अवस्थामा छ नभए सदस्यहरुलाई उपभोक्ता समिति सदस्य बन्दा जब त्यो पैसा पाउँछ पैसा पाई सकेपछि मान्छे नपाए पछि उपभोक्ता समिति बनाउदा मान्छे नभेट्दा खेरी अन्य दलका लाई बोलाएर ४ लाख दिन्छु, ५ लाख दिन्छु तपाई सदस्य बनिदिनुहोस पिलिज भन्नु पर्ने स्थिति किन आयो यो लाज लाग्ने कुरा होइन हाम्रो शिर के भो माननीय सभामुख महोदय बहुतै गम्भिर कुराहरु छन् यि कुराहरुलाई मध्यनजर गर्दै म दुई चार मिनेट बढी लिन चाहान्छु अर्को समस्या कर्मचारीको समायोजनमा पनि केन्द्रमा पनि हाम्रो सरकार छ ने.क.पा. कै

सरकार छ प्रदेशमा पनि छ धेरै स्थानीय सरकारमा पनि छ आज के कारणले चाहि कर्मचारीहरुलाई सहि ढंगले परिचालन गर्न सकिएन एउटै कारण के हुन सक्छ भने कर्मचारी भन्नासाथ नेपालको नागरिक हुन उनलाई गर्नुपर्ने व्यवहार हामीलाई बहुमत छ भन्दै उनलाई पेल्न थाल्नु भो हरेक दृष्टिले पेल्नुहुन्छ राष्ट्रसेवक कर्मचारी कुनै दयाले पात्र भएर आएको हुदैन त्यस कारण उसलाई सम्मानजनक हिसाबले अगाडि बढाऔँ हरेक मान्छे प्रदेश सभामा कर्मचारी भएर आउन तयार हुन्छ त्यसको लागि तयार हुने कि नहुने तर आफ्नो भन्या काम गर्यो भने मेरो मान्छे होईन भने यो मान्छे होइन भनेर सरुवा गर्ने प्रवृत्ति यो प्रदेशको विकासको बाधक हुन्छ माननीय सभामुख महोदय, त्यस कारण चाहि एउटै कर्मचारीलाई दोष दिएर हुदैन हामी आफै कति छौ आत्म स्वाभिमानका साथ आत्मसातका साथ आफ्नो व्यवहार र कुशलतालाई हेर्नै पर्छ भन्ने मेरो अनुरोध छ माननीय सभामुख महादेय, अर्को मिडिया काउन्सिलको सन्दर्भमा पनि राष्ट्रको चौथो अंगलाई पनि केन्द्रले यस्तो अवस्थामा पुऱ्याएको छ आज मेरो पार्टिकै हाम्रो पार्टि कै सभापतिले पहिला भन्दा हामीलाई लाग्थ्यो पंचायत बहुत अप्ठ्यारो हुन वित्तिकै कमन्युष्ट सरकार आयो भने हेर्नुहोला रुन होईन बोल्न होईन रुन पनि पाईने छैन भन्दा हामी उहालाई ठट्टाको रपले हेर्थियौ तर आज त्यहि मनसायका साथ अगाडि बढ्दै छ । यो मानसिकता किन बढिराछ यस्तरी आज प्रेस जस्तो चौथो अंगलाई पत्रकारहरुलाई घाटि निमठ्ने काम किन गरियाछ तेत्रो त्यस कारण यो बहुत गम्भिर विषय छ यो गरिमामय सभाले संघले गरेको कुराहरु प्रदेशले यो संघीय सभाले गरेको कुरामा पनि हाम्रो ध्यानाकर्षण हुनु पर्छ भन्ने मेरो अनुरोध छ । यि कुराहरु हटाउनु पर्छ । अर्को यहि सन्दर्भमा डडेल्धुराकै सन्दर्भमा माननीय मन्त्रीजी यहा हुनुहुन्छ हाम्रो पूर्वाधार मन्त्री जी बहुत सालिन हुनुहुन्छ बहुतै श्रद्धा मान्छे तर उहाकै मन्त्रालय अर्न्तगतका काम कारवाहीका म सँग हजारौको लिष्ट छ उहा सँग ३२५० वटा चाहि भन्दा बढी त योजनाहरु छन् आज कर्मचारी छैन भन्ने थाहा छ, आज संयन्त्र बन्या छैन भन्ने थाहा छ, ऐन कानून बन्दैछ भन्ने थाहा छ जति संख्या माथि संख्या थपी राछ हजारौ हजार चाहि योजनाहरु तर्जुमा गर्दाखेरी उहाजस्तो सालिन व्यक्तिलाई आज अप्ठ्यारो पर्ने परिस्थिति छ । आज उपभोक्ता समितिको नाममा, कन्ट्याक्टरको नाममा बदनाम हुने स्थिति छ । मलाई लाग्छ तुरुन्तै यो सभाले यो पूर्वाधार मन्त्रालय अर्न्तगतको एउटा कमिटि बनाएर अगाडि सारोस भन्ने मेरो हार्दिक अनुरोध गर्न चाहान्छु । यस्ता तमाम कुरा अरु मन्त्रालयमा पनि हुन सक्छन यसको स्वार्थ मलाई योजना आएन भन्ने हिसाबले होईन यो बहुतै गम्भिर छ यस कारणले आज प्रदेश सभामा प्रदेश सरकारको हालत तल झर्दै छ । अब यसमा चाहि म धेरै भन्न चाहादिन एउटै कुरा के छ भन्दा खेरी यि समग्र रुपमा केन्द्रले हेर्ने दृष्टिकोण सन्दर्भ पनि छ मैले अघि भनेको डेटाहरु माननीय हाम्रो अर्थमन्त्रीज्यूले पनि बास्तवमा भन्नु भा छ मलाई अपठ्यारो पर्नुको कारण संघीय सरकार पनि हो जसको कारणले मलाई कर्मचारी समायोजनमा सहयोग पुऱ्याउनु भएन र त्यो नीति निर्णयको कुरा गर्नुभा छ मलाई त उहाँको कुरा चित्त बुझेको छ आज केन्द्रमा बस्ने हाम्रो सम्माननीय प्रधानमन्त्रिजीको म भरसक म यहा कोड गर्न चाहान्छु माननीय सभामुख

महोदय, संविधान ढुंगाको अक्षर हो संघीयता भनेको बाखाको टाउकोमा भैसीको सिङ जस्तै हो भनेर संविधानको धज्जी उडाउने सम्माननीय प्रधानमन्त्रीजीले भन्नु भा छ त्यसैले संघीय शासन पद्धतीको निरन्तरतामा ठुलो प्रश्न उठेको छ । उहा स्वंम आफै यस्तो भन्नु हुन्छ भनेपछि आज प्रदेश सरकारहरु निरित अवस्थामा छन एउटा शाखा अधिकृत सरह पनि छैनन कोहि मान्छेले केहि काम गर्न खोज्या होला त्यस कारण चाहि यो अवस्था पुगेको छ त्यस कारण चाहि संघीय व्यवस्थालाई विगार्न संघीय सरकार पनि त्यत्तिकै उद्धत छ त्यसको लागि हामी एकजुट हुनु पर्ने आवश्यकता देखिन्छ । अर्को यसै सन्दर्भमा प्रदेश सभाले ईमिडेट गर्नुपर्ने कुराहरु हामीले बारम्बार उठायौ हाम्रो संसदीय दलले पनि उठायो हरेक चोटि उठयौ कमसेकम प्रादेशिक योजना आयोगहरु, लोकसेवा आयोग, प्रादेशिक प्रहरी ऐनहरु यथाशिघ्र विधेयकको रुपमा ल्यावस तर अहिले सम्म किन ल्याईएन आज गृहमन्त्रीजीहरु एउटा चाहि एउटा सि.डि.यो. ले टेड्दैनन प्रहरीले टेढ्दैनन त्यस कारण यो अवस्था सिरियस किन आयो आज कि भने प्रतिपक्षले मात्र चिन्ता लिने कि सत्तापक्षले मात्र चिन्ता लिने हो कि यो गम्भिर प्रश्नहरु छन् । यसमा चाहि हामी यथाशिघ्र अगाडि बढ्नु पर्छ भन्ने मेरो शुभकामना पनि यसै सेसमा एउटा कुरा के याद गर्नुपर्छ भने अहिले गम्भिर रुपमा हेर्नुपर्ने अहिलेको योजना बनाउदा यो देशमा झण्डै झण्डै ९ खरब ९१ करोड रुपैया बजेट घाटा भयो यो देशमा त्यसको केहि प्रतिशत हाम्रो प्रदेशमा पनि छ । आज योजना बनाउदा ति आयोगमा आधारित ति आयोगबाट उठेको कर राजश्वलाई मात्रै ध्यान दिएर योजनाहरु बनाएर गयो गौरव ठान्ने होईन अहिले अहिले ठान्ने हो बरु एक रुपैयाको पनि एक्सपोर्ट गरौ आफ्नो स्वदेशि उत्पादनलाई बढी बाहिर निकास गर्नलाई तमतयार हुनुपर्यो त्यसको लागि के गर्नुपर्छ हामीले त्यसमा पनि गम्भिर किसिमले हामीले हेरेनौ भने मलाई लाग्छ यो शुभकामना दिएको अर्थ हुदैन आयातमा ल्याउने जम्मे कुरा बाहिरबाट ल्याउँने आफ्नो देशको केहि पनि छैन यसै सन्दर्भमा अहिलेको यो अवस्थाले गर्दा आज समग्र प्रदेशको मात्र कारणले होईन संघीय सरकारको कारण र यो देशै फेलर हुने स्थितिमा छ त्यस कारण चाहि यसमा चाहि गम्भिर भएर हामी माननीय सदस्यज्यूहरुलाई म अनुरोध गर्न चाहान्छु दिगो विकासको लक्ष्य सन्दर्भमा पनि यि कुराहरु छन् जसमा हामीले

**माननीय मालामति देवी राना :** माननीय सभामुख महोदय, आज हामी चौथो बर्षे अधिवेशनमा शुभकामना दिन हामी आएका छौ । म चौथो बर्षे अधिवेशनको हार्दिक मंगलमय शुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदय, हामी विदाई गरेको हिउदे अधिवेशन विगतको जस्तो यो अधिवेशनमा जो कमिकमजोरी विगतको अधिवेशनमा जुन गरियो यो अधिवेशनमा सच्याएर अगाडि बढियोस मेरो शुभकामना छ । माननीय सभामुख महोदय, विगतको अधिवेशन जनताले हामीले धेरै अपेक्षा गरेका थियौ तर जनताले अपेक्षा गरे अनुसार यो प्रदेश सरकार अगाडि बढ्न सकेन जनतालाई एकदमै निराश गरेर अगाडि बडियो माननीय सदस्यज्यूहरुलाई निराश पारेर चाहि अगाडि बढेको हामीले महसुश गरेका छौ सभामुख महोदय यो सरकार आफ्नो मनमानी ढंगले अगाडि बढीरहेको छ म के गर्दै छु

के गरिरहेको छु भन्ने पनि अगाडि पछाडि यो सरकारलाई थाहा छैन सभामुख महोदय, किन भने अहिले सामाजिक विकास मन्त्रालयमा कमिशन चलखेल भएको मिडिया र पत्रपत्रिकामा छपछपि प्रकाशित भएको छ सभामुख महोदय, यो यस्तो गन्धले यस्तो भ्रष्टाचारले समाजलाई गन्ध दिएको संकेत देखिन्छ सभामुख महोदय, सभामुख महोदय सामाजिक मन्त्रालय अर्न्तगत प्रदेशको सबै भन्दा ठुलो सेती अञ्चल अस्पतालमा पानिको हाहाकार छ सभामुख महोदय, अहिले गर्मिको समय छ ४१/४२ डिग्री तापक्रममा सेती अंचल हस्पीटलमा पानि छैन कुरुवाहरु, विरामीहरु पानि पिउनको लागि ट्वाईलेट गर्नको लागि तडपिरहेका छन् सभामुख महोदय, तर सम्बन्धित मन्त्रालयले कमिसनको चलखेलमा अगाडि बढीरहेको छ सभामुख महोदय, भन्छन हाम्रो थारुमा कहावत छ चिडियाकी ज्यान जाए बालकका खेलौना तेहि अनुसार यो प्रदेश सरकार अगाडि बढिरहेको छ मान्छे त्यहा मरिरहेका छन् पानि पिउनलाई पानि छैन ट्वाईलेट गर्नलाई पानि छैन अहिले सम्म पनि प्रदेश सरकारको ध्यान गएको छैन । मानव बाच्नको लागि सबै भन्दा महत्वपूर्ण पानि नै हो यदि हामी एक मिनट पानि पाउदैनौ भने हामी बाच्न सक्दैनौ सभामुख महोदय तर हाम्रो सरकार कुनै चाहि पानिको व्यवस्था गर्नको लागि अगाडि बढ्नु भएको छैन सभामुख महोदय यो सरकारले यस्तो कमिकमजोरी नगरियोस जनतालाई सुविधा सम्पन्न बनाइयोस मेरो आउदो चौथो अधिवेशनको शुभकामना छ सभामुख महोदय त्यति मात्रै होइन सभामुख महोदय यो सरकार संबैधानिक व्यवस्थामा पनि यो सरकारले हस्तक्षप गरेको छ सभामुख महोदय, संवैधानिक यो सरकारले हस्तक्षप गरेको सभामुख महोदय आफ्नो कुनै ठोस कानून बनाउन सकि राखेको छैन सभामुख महोदय सुदूरपश्चिमका माननीय सांसदहरुले पाउने सेवा सुविधा अधिकारमा एकरुपता छैन सभामुख महोदय मलाई विश्वाश छ सभामुख महोदय आगामी दिन देखि पुर्ण विश्वाश छ सभामुख महोदय यो चौथो अधिवेशन देखि संवैधानिक अधिकारमा एकरुपता हुनेछ सभामुख महोदय म यो सरकारलाई आग्रह गर्न चाहान्छु सभामुख महोदय, सभामुख महोदय यति मात्र होइन मैले देखेर बुझे अनुसार जनताले अनुभुति गरे अनुसार यो सरकार शान्ति सुरक्षाको मामिलामा यो सरकार असफल भएको छ सभामुख महोदय प्रमाणित भएको छ सभामुख महोदय ९ महिना २१ दिन आज पुग्दैछ निर्मला पन्तको हत्या भएको निर्मला पन्तको बलत्कारको प्रमाण नष्ट गर्ने स्वयं सरकार आफै हो तर संघीय सरकार देखि लिएर प्रदेश सरकारले अहिले सम्म हत्याराको पत्तो नलगाउनु यो दुखत घडि हो सभामुख महोदय यो बर्षे अधिवेशनमा एकदमै ध्यान दिएर सत्य तथ्य गरेर यो सरकार अगाडि बढोस मेरो शुभकामना छ सभामुख महोदय, यति मात्रै होईन सभामुख महोदय यो सरकारको आगामन संगै हरेक तहमा कर बढेको छ सभामुख महोदय, महंगी बढेको छ त्यति मात्र होइन बैंकको चर्को व्याजले गर्दा जनता मारमा छन् सभामुख महोदय चर्को व्याजले गर्दा लगानी निरुत्साहित भएको छ सभामुख महोदय, सभामुख महोदय, सरकार मिडिया जगत सरकारको हामी चौथो अंग भन्छौ तर सभामुख महोदय, यो प्रदेशमा पटक पटक पत्रकारहरुको घाटि निमठ्ने, लात्तीले हान्ने, मरन सम्म कुट्ने काम गरिएको छ सभामुख महोदय यो प्रदेशको यो प्रदेशमा के कानून

छैन यदि कानून छ भने खै त न्याय अहिले सम्म पनि पत्रकारहरुले न्याय पाएको अवस्था छैन सभामुख महोदय यदि न्याय भईदिएको भए यो पटक पटक चाहि घाटि निमठ्ने काम हुने थिएन सभामुख महोदय, सभामुख महोदय, हामीले पटक पटक भन्दै आएका छौ देश समृद्ध र सुखि नेपाली माननीय सभामुख महोदय, थुप्रै जातजातिले आफ्नो अधिकार र पहिचानका लागि थरुहट आन्दोलन, रानाथारु आन्दोलन, कठरिया आन्दोलन, मधेश आन्दोलन, आदिवाशि जनजाति आन्दोलन थुप्रै पहिचानवादी आन्दोलनहरु भए सभामुख महोदय तर कुनै आन्दोलनको सम्बोधन भएको छैन सभामुख महोदय, जब कुनै आन्दोलनको सम्बोधन हुदैन भने कसरी चाहि देश समृद्ध र सुखि नेपाली बन्न सक्छन सभामुख महोदय आफ्ना अधिकार र पहिचानका लागि आन्दोलनकारीहरुलाई झुटा मुद्दामा फसाई झुटा मुद्दामा फसाईएकालाई खारिज गरियोस म माग गर्न चाहान्छु सभामुख महोदय अनि मात्रै देश समृद्ध र सुखि नेपाली हुन सकिन्छ सभामुख महोदय, माननीय सभामुख महोदय, हामीले धेरै अपेक्षा गरेका थियौ विगतको बजेटमा तर म आफै भन्दाखेरी बजेट देखि म धेरै दुखि छु रेडबुकमा मलाई एउटा पनि बजेट दिएन तर यो सरकारले आफ्नो कार्यकर्ता अनि चाहि आफ्नो आसेपासेको पालन पोषण गर्नको लागि विशेष डल्लो बजेटको व्यवस्था गरियो सभामुख महोदय म यो हाउसमा बोल्दाखेरी सरकारको अलि अलि ध्यान गयो सभामुख महोदय केहि बजेट छुट्याइयो सभामुख महोदय तर त्यो बजेट पनि कार्यान्वयन हुन सकेन भन्छन सभामुख महोदय हाम्रो थारुमा मैया पुजेगी विटिया खाएगी एक थाल बाहिर भि नहि जाएगी एक फल बाहिर भि नहि जाएगि त्यहि अनुसार यो प्रदेशमा भएको छ । आफैले डल्लो बजेट अलि अलि भौतिक पूर्वाधारमा छुट्याईयो तर आफै बजेट सकियो भनेर योजना नै खारेज गरियो सभामुख महोदय त्यो भन्दा दुखः पिडा हामीलाई के हुन्छ सभामुख महोदय हामी सांसद हौ जनता हामीबाट विकासको अपेक्षा गरेका हुन्छन तर यो सरकारले सांसदहरुलाई निरुत्साहित पारिएको छ सभामुख महोदय आगामी आउने बजेटमा त्यस्तो नहोस सभामुख महोदय म आग्रह गर्न चाहान्छु सभामुख महोदय, माननीय सभामुख महोदय हामीले यो सरकारको धेरै चालापारा हामीले देख्यौ तर यो ढंगले यो सरकार हिनियो भने हिनियो भने हामी पनि उहाका पछि पछि अब हिड्ने छौ र खुट्टा तानेर पनि हामी चाहि जनताको विकास गर्न लगाउने छौ भन्दै आफ्ना भनाई म यहि अन्त गर्न चाहान्छु पुनः यो सरकारले विगतमा जो कमि कमजोरी गर्यो त्यो दोहोरिएर यो अधिवेशनमा नगरियोस मेरो शुभकामना छ सभामुख महोदय धन्यवाद

**माननीय भरत बहादुर खड्का :** सभामुख महोदय, यो बजेट अधिवेशन अत्यन्तै महत्वपूर्ण अधिवेशनको अवसरमा सभामुखज्यू मार्फत सिंगो सदनलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । अबका दिन हाम्रा सुखद् रहुन र शान्तिका रहुन र समृद्धिका रहुन त्यो पनि कामना गर्न चाहान्छु । हामीले विगतको अधिवेशनको समिक्षा विश्लेषण पनि गर्नुपर्छ । र साथ साथै अब हामी कसरी अगाडी बढ्ने हामी सँव प्राप्त स्रोत साधन र हामी सँग रहेको सम्पदालाई सुदूरपश्चिम बासिको प्रगती र विकास र सेवाका लागि हामी कसरी

व्यवस्थापन गर्न सक्छौ यो महत्वपूर्ण अधिवेशनको रुपमा हामी हेर्नु पर्छ र जहा सम्म विगतका अधिवेशनका बारेमा धेरै कुरा उठि सक्यो म त्यतातिर जान चाहादैन निरासमय बाताबरणमा सभामुख महोदय सांसदहरु फर्किए केहि विधेयक पास गर्ने बाहेक अरु कुनै उपलब्धी हुन सकेन यो बस्तुगत यथार्थको कुरा हो र त्यति मात्र होईन सदनले पास गरेको बजेटलाई आफु अुशि ढंगले योजना बाड्ने काम सरकारको भयो । त्यसो भए सदनमा किन बजेट पेश गर्ने किन अनुमोदन गर्ने । त्यतिमात्र होईन मैले बारम्बार भन्ने गरेको थिए सम्मान गर्न नजाने पनि अपमान गर्नु हुदैन म अस्थि यसो हेरे प्लान वन्ली टु सि बट नट टच सांसदहरु योजना हेर मात्र टच गर्न पाईदैन अब म निर्वाचित मान्छे हु योजना गएका छन् थाहा छैन ए यहा पनि योजना आछ अब आफुले नभनु पनि नहुने भनौ भनेकै छैन त्यसैले मलाई लाग्छ यति अराजक तरिकाले योजनाहरु गएका छन् । ५ लाख लाग्नेमा ५० लाख छ अहिले विकासे अड्डामा मैले सुने भर्खरै मेरो ९ वटा युनिट छ ७ वटा युनिट डुलेर आए यति लाख फलानो मन्त्रालयमा फलानोलाई दिनु पर्छ यति त मुल्यांकनै गर्नु पर्छ भन्छन उपभोक्तामा मारामार माननीय चुनाव लड्नु भन्दा त्यहा बड्ता मारामार हुन्छ त्यसैले यो आर्थिक अनुशासन भंग मात्र होईन विधि, पद्धती, ऐन, नियम कानूनको त कुरा उपहास पनि हो अनि अस्थि मात्रै सभालाई ठुलो झाल चढेर सुशासन एउटा विधेयक पास गर्यो त्यो विधेयक पास गरिसकेपछि ठिक्क उल्टो रिजेल्ट आयो । २० गते मात्रै अझ फेरी योजनाहरु पठाईयो पैसा पठाईएको छ । त्यो टेण्डर गर्ने भनेर एकचोटी पैसा पठाईयो अब त्यो टेण्डर अब त्यसको विधि तिथि गर्दा खेरी ७ दिन अझै रह्यो अझ त्यलाई पनि करेक्शन गरेर उपभोक्ताबाट गर्ने भन्ने कुरा आएको छ । अहिले सम्म सांसदलाई दिईएको जो निर्वाचन क्षेत्रको २ करोडमा अख्तियारी सम्म अझ गाका छैनन कुन ठाउमा सम्झौता गर्ने त्यो निकाय मान्छे पनि फेला पर्दैन । अब रह्यो १ महिना २५ दिन मात्रै बाँकी रह्यो अब त्यसैले मलाई के लाग्छ भन्दा खेरी सुशासन त्यसै पास गरेन योजना त्यसै बनाएको होईन यो प्रतिपक्ष त हामी बारै जना छु हामीले त यहा टाउको फुटाए पनि केहि हुदैन सत्तापक्षका पनि स्वाभिमान साथिहरु धेरै ठुलो विधिको उलंघन भयो फ्युचर छ नि धेरै राम्रा राम्रा मान्छे यहा भित्र पनि छन् यसलाई विधि भित्र बाध्नुपर्यो भन्दा पनि झन त्यो विधेयक पास भैसकेपछि ठिक्क उल्टो रिजल्ट आयो यो कतिदिन गर्न सक्नुहुन्छ गर्नुहोस । मैले कुरा गर्ने गरेको छु जुन दिन यि पद त स्थायी होईनन जुन दिन यो पदबाट बाहिर जानुपर्ला आफ्नै ओल्लो पल्लो घरले पनि तिरस्कार गर्नेछन् । सोच्नुहोस । अब अर्को कुरा भ्रष्टाचार, महंगाई, असुरक्षा, यो ट्याक्सको कुरा त गर्नै भएन आजित भैसके मान्छे हामीले यो ट्याक्सको बारेमा पनि कुरा गर्दै गर्दा जनतालाई तिर्न सक्ने हैसियतको बनाउनु पर्छ भनेर एतातिर पनि कुनै ध्यान छैन सरकारले बजारलाई नियमन गर्न सक्छ धेरै कुराहरुका कुराहरुमा व्यवस्थापन गर्न सक्छ यि कुरा पनि भएन अब अर्को कुरा सुदूरपश्चिमको लागि मलाई के लाग्छ भन्दा खेरी यहि तरिकाले सरकार चल्यो भने अविसापै हुन्छ । अब यति प्रतिशत उती प्रतिशत सोह्र प्रतिशतको हाराहारीमा आई राखेको छ अब दुई महिनामा त ८४ प्रतिशत सम्भव छैन त्यो लिप्ने काम मात्र हुन सक्छ त्यसैले हामी के गरौ भने

हामीलाई योजना नदिनुहोस हामी माग्दैनौ एउटा विधि र पद्धतीको आधारमा सुदूरपश्चिमलाई समृद्ध बनाउने सवालमा हामी एउटा सिष्टम डेभलप गरौ हामी व्यक्तिगत योजना माग्दैनौ जादैनौ तर एउटा विधि र पद्धती र सुशासनलाई त ल्याउँनु पर्यो एउटा सिष्टम डेभलप गरौ न यदि संघीयताको जग अहिलेका जनप्रतिनिधीहरुलाई दुई वटा कुरा छ ऐतिहासको कालखण्डमा ऐतिहासिक जनप्रतिनिधी भएर जाने कि ऐतिहासको कालखण्डमा धब्बा जनप्रतिनिधी भएर निस्कने कुन कुरा च्वाईस गर्ने भन्दा ऐतिहासिक जनप्रतिनिधी भएर हामी जाऔ जग बलियो बनाऔ संघीयताको आज हाम्रा काम कारवाहीबाट संघीयताप्रतिको वितृष्णा पैदा भएको छ । गणतन्त्र प्रतिको वितृष्णा पैदा भएको छ यो संविधान प्रतिको वितृष्णा पैदा भएको छ । जनप्रतिमुलक संस्थाले बनाएको संविधानमा यति वितृष्णा आउनु हुदैन । आज तपाई हामीहरुको सबैको साझा दायित्व यो संविधानलाई पूर्ण कार्यान्वयन गरेर हामीले यसलाई सफल बनाउनुको अर्को विकल्प छैन त्यसैले गम्भिर भएर हामी सोचौ किन भन्दाखेरी सरकार तपाईहरुले म्याण्डेट पाएकै पार्टिले चलाउने हो प्रतिपक्षले चलाउदैन हामी त्यो कुरा गर्दैनौ हामी त्यस किसिमको आश राख्दैनौ हामी त सचेत गराउन चाहान्छौ । हामी सहयोग गर्न चाहान्छौ प्रतिपक्ष भनेको प्राविधिक कुरो हो, साझा कुरा भनेको सुदूरपश्चिम बासिको समृद्धि हो । साझा कुरा भनेको राष्ट्रिय अखण्डटा र राष्ट्रिय स्वाधिनतालाई कसरी जगेर्ना गर्यो साझा कुरा भनेको हाम्रो गरिबी हो, हाम्रो गन्तव्य एउटै छ आज गरिबीलाई कसरी न्यूनीकरण गर्ने, समृद्ध प्रदेश कसरी बनाउने, राज्यको मुलधारमा सुदूरपश्चिम वासिलाई कसरी समाहित गर्ने, दिर्घकालिन र अल्पकालिन योजनाहरु बनाऔं अगाडि बढौ तपाईहरुको छवि राम्रो हुन सक्छ हाम्रो शुभकामना छ । जुन तरिका अहिले त सानो छ कुरा धेरै कुराको सूचना आउछ हेर्दै जानुहोस यति सूचना प्राप्त भईसके अब यो सदनमा यहि तरिकाले तपाई सुधार गरेन भने धेरैलाई अपठ्यारै हुन्छ । यति सूचना प्राप्त छन् । यो आषाढ पछि त्यसैले मेरो आग्रह के हो भने पूर्वाग्रह र आग्रहले मुलुक चल्दैन तपाई सबैको भोट दिने नदिने सबैको सरोकार हो हामी सबैको सरोकार हो त्यो खालको क्यारेक्टर बनाउनुहोस मेरो शुभेक्षा छ । बहुदलिय व्यवस्थामा त एक पार्टिले म्याण्डेट लिन्छ सबैलाई समन्वयकारी भूमिकाबाट अगाडि बढाउन सक्ने लिडरसिप चाहिन्छ हामीलाई थाहा छ राम्रो सँग हामीले अध्ययन गरेका छौ । हामी नेपाली कांग्रेस कुनै यो सुदूरपश्चिमको कुनै पनि विकास र समृद्धिका लागि हामी हातेमालो गर्न चाहान्छौ हामी काहि व्यवधान ल्याउँदैनौ हामीले बारम्बार भन्यौ तपाईलाई यसरी जाऔ यो बजेट यसरी खर्च हुन्छ त आजका मिति सम्म संडयन्त्र छैन । मैले सुने अर्थमन्त्रीज्यू पनि यहि हुनुहुन्छ यो २ करोडको चाईनि अख्तियारी त्यो योजना जिल्ला समन्वय समितिमा एक प्रशेन्ट काट्ने पैसा पनि त्यो प्राविधिक कार्यालयमा पठाईदियो उहा जिल्ला समन्वय समितिमा छैन यहा सहयोगी राखेका छन् तलब खुवाएको छैन त्यसैले यस्तो किसिमको कुराहरु अब मेरै गाउँपालिका यहा अघि पनि कुरा आयो म पनि सम्मान गर्न चाहान्छु । भौतिक पूर्वाधार विकास मन्त्रीज्यूलाई योजनामा त्यसका आफ्ना केहि उपभोक्ता समिति बनाउने कुराहरुमा केहि नम्स र भेल्यु छ अब महत्वकांक्षी धेरै छन् होईन भने भोटिङ गरेर

पनि उपभोक्ता समिति बनाउने हो । फलानोको सिफारीसमा सम्झौता गरिदिने मेरै गाउँविकासमा गरिदिनु भयो मलाई त उहा देखेर उहाको त्यो काम कारवाहीलाई देखेर म अत्यन्तै स्तविध भए आफैलाई लाज लाग्या छ अब यि सबै नियम, कानून, विधि मै मात्र हुन भन्ने होईन सबैको लिमिटेशन छ । सबैलाई लक्ष्मण रेखा भित्र हामीले काम गर्नुपर्छ सबैले कानून मान्नु पर्छ कानून भन्दा माथि यहा कोहि छैन त्यसो भएका कारणले यो किसिमको बेतिथि नल्याईदिनुहोस । हामी त प्रतिपक्ष भएर विरोध गरौला आज आम जनतालाई सोध्नुहोस आफ्ना साथिभाईलाई राम्रो सँग सम्मानजनक रुपमा के छ परिस्थिति, के छ पिपुलले फिलिङ गरेको, कुन किसिमको कुरा परिराछ भनेर साथि भाईलाई सोध्नुहोस त तपाईलाई सहयोग दिने एक सय एक पढेलेखेका विद्वान मैले यहा देखेको छु । चाहे प्राविधिक कारणले ती पछाडि परेका होलान राष्ट्र चलाउने व्यक्ति पनि यो सदनमा छन् सत्ता र प्रतिपक्षमा सोध्नुहोस न सल्लाहा लिनुहोस न सल्लाहा लिदा कुनै मान्छे पनि सानो हुन सक्दैन सभामुख महोदय, सानो मान्छेको पनि सल्लाहा लिएर राम्रो कुरा आउछ भने त्यलाई ग्रहण गर्नु त्यो बुद्धिमानी कुरा हो त्यसैले यि कुरा तर्फ अब जाऔ प्रतिपक्ष सँग अब नडराउनुहोस हो बेमानी गर्यो भने डराउनुहोस हामी छाड्नेवाला पनि छैनौ । हामी आज सम्म सालिन तरिकाले झिना मसिना कुरा गर्ने बानि हाम्रो छैन किन भने हामी धेरै खारिएर यहा पुग्या छौ । यि झिना मसिनातिर हामी नजाऔ धेरै कुरा बुझ्या छौ । एक एक रिपोर्ट छ त्यतातिर जादैनौ तर मुलभुत कुरामा प्रहार भयो भने हामी छोड्नेवाला पनि छैनौ । यो हाम्रो कुनै धम्कि होईन आग्रह हो । अब जहा सम्म अर्को कुरा के छ भन्दा यहा मिडिया काउन्सीलको कुरा आयो । संविधानमा पूर्ण स्वतन्त्रका कुरा प्रेम्बलमा लेखेकै हो आज बहुदलिय व्यवस्थामा राज्यको चौथो अंगको रुपमा मिडियालाई राखेको हो सगर्वका साथ हामी भन्न चाहान्छु । विश्वमा त्रिमबलमा सबैलाई पूर्ण स्वतन्त्रता भनेर मिडियालाई राखेको छैन त्यसैले गर्दाखेरी उलाई अनाहकमा नियन्त्रण गर्ने खालको विधेयक आवश्यक छैन किन भने उनिहरुलाई पनि कानूनले बाधेको छ त्यो लेख्नु पर्दैन कानूनी रुपमा उसलाई दण्ड गर्ने कुराहरु अहिलेको कानूनले सक्छ त्यसैले संविधानको प्रेमबलमा जो लेखेको छ त्यसलाई सम्मान गर्दै सभामुख मार्फत यो संसद मार्फत म संघीय सरकारलाई पनि अनुरोध गर्न चाहान्छु । संविधानको मुल मर्म र भावनालाई सम्मान गरेर त्यो विधेयकलाई संविधान अनुकुल प्रेमबल अनुकुलको बनाउनु पर्छ यदि त्यो भएन भने त्यसले ठुलो जटिलता ल्याउछ । संविधान माथि पनि प्रहार हुन्छ भन्ने कुराहरु म यहा अनुरोध गर्न चाहान्छु । साथै विप्लव समुहलाई आतंककारी क्रियाकलाप विप्लव पार्टिले पनि बन्द गर्नुपर्छ अब नेपाली जनता यस्तो किसमको आतंककारी गतिविधिलाई पचाउन चाहादैन । नेपाली जनताले धेरै घटना खाई सकेको छ सभामुख महोदय, अब अशान्तितिर होईन सुखका दिन खोजेका छन्, शान्तिका दिन खोजेका छन्, समृद्धिका दिन खोजेका छन्, सुशासनका दिन खोजेका छन् म यसै सम्मानीत सदनबाट सभामुख मार्फत भन्न चाहान्छु कि विप्लव जी तपाई यसै संविधानको मुलधारमा आउनुहोस यो संविधान कुरान बाइबल होईन, रामायण होईन यसै संविधानमा सुधार खोजौ राष्ट्रिय अखण्डता, सार्वभौम र लोकतन्त्रलाई स्थापित

गरेर समृद्धितिर हामी जाऔ अर्को विकल्प छैन अब यहा कुनै आन्दोलनको विकल्प छैन अब यदि जिम्मेवार पार्टि जिम्मेवार नेताले अब यो संविधान माथि प्रहार गर्यो भने यो मुलुकको राष्ट्रियता माथि नै प्रश्नबाचन गर्न सक्ने संकेतहरु देखा परेको छ । आर्थिक अनुशासन भंग हुदा भेनेजुयला पनि हुन सक्छ यो दुई चार बर्षमा यि गम्भिर प्रकृतिका कुराहरु छन् यि राष्ट्रसेवक कर्मचारीहरुलाई म भन्न चाहान्छु । विधि र पद्धती भन्दा बाहिर तपाईले नजानुहोस ७७ जिल्ला भन्दा ७८ जिल्लामा सरुवा गर्न सक्दैनौ कसैको हिम्मत छैन हामी विधि, पद्धती र मुल्य र मान्यता र कानूनी हिसाबमा गर्ने काममा स्वागत र सहयोग गर्न चाहान्छु त्यसैले ७८ जिल्लामा सरुवा गरियो भने त विदेशै जान पाईन्छ । त्यसो भएको हुनाले तपाईहरुले पनि यो तरिकाले लाग्नुहोला र हाम्रो सहयोग हुन्छ अन्तमा अब हामी कति भगवानलाई मान्छौ अबका अब यो शेसन यो बजेट अधिवेशन अत्यन्त सुदूरपश्चिम बासिको आर्थिक प्रगति सुशासन सेवामुखि होस म यो शुभकामना दिन चाहान्छु अब विगतका विसंगति र विकृतिहरुलाई हटाएर हामी पक्ष र प्रतिपक्ष नभईकन सुदूरपश्चिम र राष्ट्रका लागि नमुनाको प्रदेशको रुपमा यसलाई प्रद्धशन गरौ नेपाली कांग्रेस तपाईको यो सरकारको साथमा रहन्छ यि कुराका लागि त्यसैले हामी सबैलाई पशुपतिनाथले अबका दिनमा राम्रो सद्‌बुद्धि दिउन विकार जति हिजोका मितिबाट गएर सद्‌बुद्धिमा हामी अगाडि बढौ यहि शुभेक्षा व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

माननीय विरमान चौधरी : माननीय सभामुख महोदय, हाम्रो सुदूरपश्चिम प्रदेशको चौथो अधिवेशनको प्रारम्भमा सभामुख महोदय मार्फत म यो अधिवेशनको सफलताको कामना व्यक्त गर्न चाहान्छु र मलाई लाग्छ अहिले हाम्रो प्रदेशको हकमा हामी नया दिनको खोजि गरिराखेका छौ जले गर्दा खेरी हाम्रो प्रदेशको नीति कार्यक्रम र हाम्रो प्रदेशमा के कस्ता कामहरु हामी गर्न सक्छौ भन्ने बारेमा आजको पाईला हाम्रो स्टेप उचालेका छौ । र हाम्रो आर्थिक बजेटको सेसनमा हामी प्रवेश गरेका छौ र हामी एउटा सुत्रधार हामी राजनैतिक दलहरु हौ किन कि हामीले जुन सुत्रधार प्रयोग गरेका छौ त्यसको हामी आफै बर्खिलाप गर्ने कोशिष पनि कहि कहि छुटपुटमा गरेका पनि छौ किन कि माननीय सभामुख महोदय हामी एउटा कुरा के नविर्सौ भने संघीयता भनेर स्थानीय तह र संघलाई मात्रै मान्दैन होईन संघीयताको मेरुदण्ड भनेको प्रदेश यो कुरा हामीले सबैले बुझ्न जरुरी छ र बुझि पनि राख्या छौ किन कि अर्को कुनै पनि अर्थमा यसलाई मिनिमाईज गर्यो भने मलाई लाग्छ हामी यो ठाउमा रहदैनौ र यो संरचना रहदैन हामी त्यस्तो जटिल मोडमा छौ त्यसले गर्दाखेरी यो मलाई लाग्छ मेरो मनमा के लागिराख्या छ भने कुरामा त निर्णय गर्दैन राज्य, संविधान र कानूनले के हामीले निर्देश गरेको छ त्यले अर्थ लाग्छ, त्यले मानै लाग्छ किन कि हामीले जुन कुरा गरिराखेका छौ जुन विषय हामीले उत्थान गरिराखेका छौ हामी सबैले एकात्मक शासन प्रणालीबाट आर्जित भएर थुप्रै बलिदान सामान्य बलिदान छैन होला अरु मुलुकहरुमा अरु राष्ट्रहरुमा तिनिहरु ठुलठुला बलिदानबाट पनि धेरै कुराहरु गुमेका छन् । धेरै कुराहरु गुमेका छन् यो हामी सबैलाई देशको नाम लिनु परिरहदैन हामी छदै के हामीले

प्राप्त भएको उपलब्धलाई हामीले गुमाउन खोजेको हो । कुनै सत्तापक्ष र कुनै प्रतिपक्षले प्राप्त मात्र गरिदियो यो मलाई लाग्दैन त्यस्तो त किन कि यो उपलब्ध सिंगो नेपाली जनताले बलिदान गरेर, मेहनत गरेर ल्याएको शासन व्यवस्था हो त्यो संविधान हो जले गर्दाखेरी रक्तबाट लेखिएको तपाई हाम्रो सबैको जनताको पसिनाबाट ब्लडबाट लेखिएको संविधान होइन हामीले कसैले सम्झौताको दस्तावेज भनौला कसैले केहि भनौला तर यो सामान्यबाट आएको संविधान होईन र संरचना पनि सामान्यबाट आएको होईन यो भन्दा अगाडी कैयौ विडंगनाहरु शाहदत प्राप्त गरे अहिले हामी सम्झी राखेका छौ तपाई हामीले गरिरहेका संघर्ष हाम्रो आउदा पुस्ताले एउटा पाठ्यपुस्तकको क्रममा हेर्न पाउने अवस्था पनि आउन सक्छ त्यसैले मैले मात्रै के भन्न खोजेको भने जुन दिनको हामी सुरुवाद गरेका छौ यसको सुखद अवसरको किन कि हामी हेऱ्यौ अहिले हामी आवदिक बजेट ल्याउँला तेस्रो बजेटको प्रवेश हामी गर्छौं किन कि यो भन्दा अगाडि हामी सपथ आएको केहि दिन भित्र सामान्य एउटा बजेट ल्याउँने सरकारको एक्सरसाईज चल्यो त्यो आफ्नो ठाउँमा छ र हामी के हेर्दै छौ भने सिमित घेरामा हामी हेरिराखेका छौ जसले हाम्रो बजेटको अंशलाई हामी हेर्दै छौ बजेटको समग्र बजेटको दृष्टिकोणबाट के हाइडेट गरिराखेको छ र त्यसले के संरचनाको माग गर्दछ त्यो हामीले सोचिराखेका छैनौ बजेटले कल्पना गरेको के हो ? त्यो कुरा मलाई लाग्छ तपाई हामी सबैले धेरै गम्भिरतापूर्वक सोच्नु पर्दछ त्यसैले जनताबाट उपठाएको ट्याक्स करको बारेमा हामी यहा व्याख्या गर्दै छौ । ट्याक्स उठाएर मात्रै पनि कुनै पनि मान्छे सम्पन्न हुदैन, कुनै पनि राष्ट्र हुदैन त्यसलाई ठिक तरिकाले हामी सदुपयोग गर्ने कुरा धेरै अर्थ लाग्छ तपाईको गोजिमा पैसा भएर त्यसले बेअर्थ लाग्दैन त्यो गोजिमा रहेको आफु सँग रहेको मनीलाई उसले ठिक तरिकाले प्रयोग गर्न त्यसले धेरै अर्थ लाग्दछ । त्यसैले गर्दा खेरी हामी जुन प्रक्रियामा हामी लागि राखेका छौ हाम्रो प्रदेशलाई जुन सिस्टममा हामी लग्दैछौ मलाई लाग्छ धेरै कुराहरु अधुराहरु छन् म सरकारलाई एउटा सामान्य सुझाव दिन चाहान्छु हामी लोकसेवाको कुरा गरिराखेका छौ त्यो प्रोसेसमा हामी सरकार छिटो जान पायो भने हामीलाई अलिकति राम्रो हुन जान्छ हामीले एकछिनको लागि कसैको कुनै आस्थाको आधारमा कहि केहि लालछना लगाउनु जस्तो मलाई लाग्दैन हुदैन हो केहि कुराहरु हामीले सुशासन मार्फत व्यवस्थित गर्न खोज्यौ बजेटलाई एउटा अंशबाट हेर्दा बजेटको अंकलाई हामीले सुशासनबाट कसरी छनौट गर्ने योजना छनौटको एउटा सिष्टम र प्रक्रियामा हामीले नया थालनी गर्ने कुरा गरिराखेका छौ । त्यसको सँग सँगै त्यो गरिरहदा हामीले के परम्परा सोचिराखेका छौ भने विगतको हामीले कल्पना गरेको र विगतको परम्परा जो थियो त्यसैको आधारमा मात्र बजेट छनौट गर्नुपर्छ भन्ने हामी सोचिराखेका छौ त्यहि कुरा यहा घुमिराखेको छ कुरा त्यसो होईन हामी समाजवादको कुरा पनि हाम्रो संविधानले सँगसँगै गरेको छ त्यो भन्दा अझ अगाडि उठ भनेर संविधानले निर्देश गर्दै छ तर हामी तपाई हामी सबै यहि घुमिराखेका छौ बजेट छनौट र कार्यान्वयनको सिस्टमलाई त्यहि पुरानो ढर्राबाट हामी जान कोसिस गर्दै छौ त्यसो हुदैन गर्नु हुदैन मलाई यो लाग्दछ किन भन्दा खेरी जुन स्टेपमा हामी छौ त्यहि ईस्टेपबाट नयाँ

अगाडि जान चाहिराखेको बेला खोजिराखेको बेला कहि न कहि बाधा परेकै छ । त्यो बाधालाई फुकाउने दुईवटा माध्यम हुन्छ किन कि एउटा माध्यम भनेको प्रदेशको हाउस हो जसले गर्दाखेरी सरकारले ल्याएका कतिपय कामकाजहरुको नियमन गर्छ । प्रतिपक्षले गर्छ भन्ने मात्र होईन किन कि शासन प्रणाली हामीले के बनायौ त्यसको आधारमा हुने गरेको छ । सदन आफैमा स्वतन्त्र छ, सार्वभौम छ सरकार सदनबाट जन्मेको सबैलाई थाहा छ यो भनि रहनु पर्दैन तर हामी सबै कहिलेकाहि सरकार जस्तो कहिलेकाहि प्रतिपक्ष जस्तो यसरी पनि मलाई लाग्दैन यसरी होला भनेर किन कि हामी आआफ्नो भुमिकामा आआफ्नो तहमा अगाडि बढीराखेका छौ । त्यसैले यो कुरा गरिरहदा सबै हिसाबले जो स्टेप जो प्रक्रिया हामी अगाडि जानुपर्ने हो कहि न कहि बाधक किन परिराख्या छ भने हाम्रो जो संघीय लोकतान्त्रिक गणतन्त्र हो अहिले कमसेकम बामेबाट त माथि उठ्यो संघीयता कार्यान्वयनको प्रशेशमा सदन गठन देखि अब आफ्नो यो बजेट प्रदेशमा पनि हुन्छ है भनेर मान्छेले कमसेकम त भयो नि स्थानीयत तहमा मात्रै वा केन्द्रमा मात्रै भन्ने त भएन नि तपाईलाई म एउटा राम्रो सँग स्मरण गराउन चाहान्छु संविधान हामी हेर्न जरुरी छ स्थानीय तह धेरै तर्कायो स्थानीय तहलाई कुन आधारमा तपाई नियमन गर्नुहुन्छ तपाईले नेपालको संविधानले दिएको छ । नेपालको संविधानले स्थानीय तहलाई नेपाल सरकारको मातहतमा राखिएको छ । प्रदेशको मातहतमा कुनै स्थानीय तह छैन कतिपय स्थानीय तह तपाईले देख्नु भयो होला प्रदेशको योजनालाई सिफारीस नगरेर कार्यान्वयन नगर्नु भनेर चिट्ठी कैयौ नगरपालिका र गाउँपालिकाबाट किन गर्या छैनन तपाई तिनको खाता मार्फत तिनको बैंकमा राख्नुस पैसा तपाईलाई के ले कुन नियमले परिक्षण गर्नुहुन्छ र त्यो अनुगमन गर्नुहुन्छ यो कहि छ र हामीले यसले के माग गरिराखेको छ भने हाम्रो प्रदेश मात्र होईन देश भरीका प्रदेशले आफ्नो संरचना निर्माण गर भनेर संविधानले निर्देश गर्दछ । तिमि गतिमा जाउ यसरी भनेर निर्देश गरिराखेको बेला हामी फेरी पनि उहि रोमल्ली राखेका छौ सबै यसले मलाई लाग्दैन यहि अब हामी रोमल्ली राख्यौ भने हामी फेरी भोमरीमा फस्यौ भने जहाज निस्किदैन जहाज तपाईको पानिको मुनि जान्छ त्यो भन्दा माथि उठ्नलाई साझा सवाल बनाउन जरुरी छ धेरै कुराहरु हामीले सोचि राख्या छौ गरिबी हाम्रो साझा सवाल हो राष्ट्रियता हाम्रो साझा सवाल हो धेरै कुराहरु हामी सँग साझा सवाल छन् तर एउटा कुरा हामी बुझि राखौ संघीय लोकतान्त्रिक गणतन्त्र र यो संविधानले दिएको निर्देश सबै कुरा साझा र एकमुष्ठ रुपमा अगाडि बढ्न जरुरी छ यदि हामी त्यसरी बढेनौ भने मलाई लाग्दैन एकछिनको लागि हामीले सरकारको कुनै मन्त्रीलाई अवजस दिउला जस दिउला तर त्यसले कुनै धेरै अर्थ लाग्दैन यसको अर्थ यो हुन्छ कि हामी प्रदेशमा सबै मिलेर साझा कुरा के नया गरौ त्यसले अर्थ राख्दछ के निकास दियौ हामी त्यसले अर्थ लाग्छ सामान्य तरिकाले हामीले भनिदिएर मात्र अर्थ लाग्दैन त्यसैले मेरो सभामुख महोदय मात्रै के कुरा अनुरोध गर्न चाहान्छु भने नयाँ प्रक्रियाहरुको थालनी हुदैछ त्यसमा कसरी जाने के प्रतिपक्ष के सत्तापक्ष हामी सबै विगत देखि अहिले सम्म होला केहि आफ्ना राजनैतिक एजेण्डाहरु हामीले हाउस मार्फत व्यक्त गरेका पनि हौला तर त्यसले

धेरै अर्थ लाग्दैन यसले साझा रुपमा जाने निर्देश गरेको जुन कुरा छ यसमा हामी संयुक्त रुपमा अगाडि बढ्न जरुरी छ र यहि कुरा राख्दै विदा हुन्छु र हाम्रो अधिवेशनको सफलताको कामना व्यक्त गर्दै विदा हुन्छु धन्यवाद ।

माननीय कुन्ति जोशी : माननीय सभामुख महोदय हामी चौथो अधिवेशनको पहिलो बैठकमा छौ सर्व प्रथम त यस चौथो अधिवेशनको पूर्ण सफलताको धेरै धेरै शुभकामना दिन चाहान्छु । माननीय सभामुख महोदय, विशेषगरि हामी तीनवटा अधिवेशनमा हामीले धेरै करिवन हामीले २५ वटा विधेयकहरु हामीले पास गर्यौ र यस अधिवेशनमा पनि हामीले महत्वपूर्ण विधेयकहरु हामीले पास गरेर सुदूरपश्चिम प्रदेशमा हामीले जनतालाई सोचेको जस्तो त्यो खालको हामीले गर्ने भूमिका निर्वाह गर्नेछौ भन्ने मलाई लागेको छ र हामी योजना तर्जुमा हामी गरिराखेका छौ सरकारले पनि त्यो खालको चाहि एउटा तयारी गरिराखेको छ लाग्छ मलाई यो अधिवेशन एउटा बजेटको अधिवेशन पनि रहेको छ र सरकारले त्यहि किसिमको तयारी गरिराखेको छ र मलाई के लाग्छ भने यो भन्दा अगाडिका बजेटहरु पनि हामी कार्यान्वयनको चरणमा छौ हाम्रो विभिन्न जिल्लाहरुमा ९ वटै जिल्लाहरुमा हामीले हाम्रो कर्मचारीहरु नियुक्ति गरिसकेपछि सबै ठाउँमा कर्मचारीहरुले चाहि आआफ्नो भूमिका पनि निर्वाह गरिराखेका छन जस्तो लागेको छ र गरिराखेका छन् पनि र अब विशेष गरि सुदूरपश्चिम प्रदेशमा हाम्रो प्रदेशमा लाग्दछ कर्मचारी समायोजनको अभावले गर्दाखेरी चाहि केहि समस्याहरु त पैदा भएका नै छन् र पनि बजेट कार्यान्वयनको चरणमा अगाडि बढीराखेको छ त्यो एउटा सकारात्मक पक्ष नै देख्दछु मैले र अलिकति समिक्षा गर्नुपर्ने जस्तो पनि देख्दछु बजेट सही ढंगले कार्यान्वयन हुन सकेन भने हामी सबैको दोषारोपण हुन्छ र हामीले अलिकता समिक्षा गरेर कसरी कहा कहा के के ढंगले गरीराखेका छन् भन्ने कुराहरुको अलिकति रेखदेख र समिक्षा गर्न पनि म सभामुख मार्फत सरकारलाई अनुरोध गर्न चाहान्छु र मैले चाहि हिजो हाम्रो चाहि समितिको बैठक पनि हामीले बसालेका थियौ र विशेष गरि हामीले स्वास्थ्य क्षेत्रलाई विशेष ध्यानार्षण गरेर त्यो बैठकमा विशेष ढंगले हामीले उठान गरेका थियौ र हामी सुदूरपश्चिम प्रदेशमा अहिले उठान भएको विषय पनि हाम्रो सेती महाकालीका दुई वटै हस्पीटलहरुमा पनि अलिकति समस्या देखिएको स्थिति पनि छ र हामीले त्यहाका चाहि मे.सु.लाई पनि बोलाएर हामीले छलफल गरेका थियौ त्यहा बुझ्दाखेरी यो भन्दा अगाडि समस्या त थियो नै छ नै र हामीले चाहि समाधान गर्नको निमित्त प्रदेश सरकारको अर्थमन्त्रालयबाट हामीले सिधै बजेट मागेर प्रदेशको सकारात्मक ढंगले चाहि हामी अगाडि बढीराखेका छौ । पानिको अभावले गर्दा खेरी धेरै समस्याहरु देखिएका छन् र ती समस्यालाई समाधान गर्नको निमित्त प्रदेश सरकारलाई गुहारेर त्यो ढंगको व्यवस्थापन हामीले गरिराखेका छौ र यो बीचमा दुईवटा धाराहरुलाई चाहि मिलाएर चाहि त्यो खालको व्यवस्थापन हामीले गरिराखेका छौ भन्ने कुरा पनि उहाँहरुबाट हामीले सकारात्मक विषयबस्तु हामीले पाएका थियौ र त्यहाको अवस्थामा उहाले एउटा विषयबस्तु राख्नु भएको थियो कि अलिकति विरामीहरुलाई हेर्ने चाप चाहि

नर्स र हाम्रो डक्टरहरुको देखिएको छ हाम्रो यसमा अलिकति समस्या छ भन्ने कुराहरु पनि राख्नुभएको थियो विशेष गरि यि कुराहरु भए र अछाम जिल्लामा मंगलसेन नगरपालिकाको गाडि जलाएको छ । अछाम जिल्लाको मंगलसेन नगरपालिकाको गाडि अज्ञात समुहले जलाएको भन्ने खबर हामीले सुनेका छौ र त्यसमा पनि दोषिलाई छानविन गरेर कारवाहीको पनि हामी माग गर्न चाहान्छौ र माननीय सचेतक अक्कल बहादुर रावललाई पनि त्यहा केहि व्यक्तिहरुले गालि गलौज गरेर भिडियो बनाएर व्यापक रुपमा चाहि त्यो रुपमा भिडियो भाइरल गरेको भन्ने हामीले सुनेका छौ यसमा पनि दोषिलाई छानविन गरेर कारवाहीको माग पनि मैले गर्न चाहान्छु र विशेष गरि चाहि हामी एउटा खालको चाहि सुदूरपश्चिम प्रदेशलाई चाहि हामीले कसरी अगाडि बढाउने भन्ने कुरा अलिकति गम्भिर ढंगले सोचेर अगाडि बढाउँन जरुरी पनि छ र हामीले सकारात्मक कसरी सकारात्मक दृष्टिकोणबाट चाहि अगाडि बढ्ने, सरकारलाई कसरी सुझाव दिने, सरकारलाई बलियो कसरी बनाउने, सरकारको चाहि काम, कर्तव्य प्रति सरकारलाई अलिकति दरिलो ढंगले कसरी लैजाने भन्ने कुराहरु हामी सबैको दायित्व रहन्छ जस्तो लाग्दछ सुझाव दिने कुराहरु हाम्रो दायित्वमा रहन्छ । हामी जुन ठाउँमा प्रतिनिधित्व गरेका छौ त्यो ठाउँको रिपोर्ट राख्नु हाम्रो दायित्व हुन्छ र त्यो ठाउको रिपोर्टलाई कार्यान्वयन तर्फ कसरी अगाडि बढाउने भन्ने सरकारको पनि ध्यानाकर्षण गर्नु हाम्रो दायित्व रहन्छ त्यसैले सरकारलाई विशेष गरि अबको बजेटमा अब हामीले चाहि आउदै गरेको अबको बजेटमा हामीले विगतमा हाम्रा अनुभवका कमिले पनि केहि तलमाथि केहि समस्याहरु भएता पनि अबको बजेटलाई सहि ढंगले सदुपयोग, सहि ढंगले विनियोजन गरेर कार्यान्वयनको तर्फ अगाडि बढ्ने कुरा राम्रो होला भन्ने सुझाव दिन चाहान्छु र सुझावलाई केवल सुझावमा मात्रै नरहेर कार्यान्वयन तर्फ पनि लैजान जरुरी हुन्छ सबै भन्दा बलियो क्षेत्र भनेको कार्यान्वयन हो कार्यान्वयनमा सबैले आ-आफ्नो तर्फबाट लाग्यौ भने हामी सुदूरपश्चिम प्रदेशलाई एउटा नयाँ प्रदेश बनाउन सक्छौ अब हामीले मुखले मात्रै भनेर हुदैन हामीले कार्यान्वयन तर्फ जान जरुरी हुन्छ समस्याहरु नभएको कुनै प्रदेशमा पनि हुदैन तर ती समस्याहरुलाई समाधान कसरी हामी गर्न सक्छौ त्यसको विधि कस्तो गर्ने, प्रक्रिया कस्तो गर्ने त्यो खालको चाहि अगाडि बढाउन जरुरी हुन्छ भन्ने कुराहरु राख्न चाहान्छु । विशेष गरि जुन हामी चौथो अधिवेशनको पूर्वसन्ध्यामा छौ र यो अधिवेशन हामीले सोचेजस्तो हाम्रा जनताले सोचेजस्तो, जनताले चाहेजस्तो अधिवेशन हुनेछ र यसले जनतालाई नयाँ खालको अनुभुति दिलाउने छ भन्ने कुराहरु त्यहि खालको सुभेक्षा र त्यहि खालको शुभकामना दिदै आफ्ना भनाई टुंगायउछु हवस त धन्यवाद ।

*(बोली सकेपछि)*

६. **माननीय सदस्यहरु,**

आजको विशेष समय यही समाप्त हुन्छ ।

७. **माननीय सदस्यहरू,**

अब **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** माथिको कार्वाही प्रारम्भ हुन्छ ।

८. **माननीय सदस्यहरु,**

प्रदेश सभा नियमावली, २०७४ को नियम १०५ बमोजिम कुनै पनि माननीय सदस्यको **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभा समक्ष प्रस्तुत गर्न अनुमती माग्ने प्रस्ताव उपर विरोधको सूचना प्राप्त हुन नआएको जानकारी गराउँछु ।

*(जानकारी गराएपछि)*

९. **माननीय सदस्यहरु,**

अब, म उद्योग पर्यटन, बन तथा बाताबरण मन्त्री माननीय माया भट्टलाई प्रदेश सभा नियमावली, २०७४ को नियम १०६ को उपनियम (१) बमोजिम संक्षिप्त बक्तव्य सहित **"प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५"** लाई सभा समक्ष टेबुल गर्न अनुमति दिन्छु ।

माननीय सभामुख महोदय, चौथो अधिवेशनको पहिलो दिन आज यो गरिमामय सदनमा माननीय सभामुख मार्फत हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । चौथो अधिवेशनको यो बजेट अधिवेशन भएता पनि यो विधेयक अधिवेशन पनि संग संगै हुनेछ माननीयज्यूहरुबाट महत्वपूर्ण सुझावहरु आएका छन् ती सुझावहरुलाई सम्बोधन गर्नका लागि पनि ऐन कानूनहरु संविधानत पाएका अधिकारहरुमा हामीले ऐन कानूनहरु निर्माण गर्नुपर्ने महत्वपूर्ण काम हाम्रो अगाडि छ । बजेट खर्च नहुनुका कारण, कर्मचारी समायोजनमा ढिला हुनुका कारण यि सम्पूर्ण कारणहरुलाई पनि ऐन, नियमले अपठ्यारो पारेको विषयबस्तु यो गरिमामय सदनमा राख्न चाहान्छु र त्यसका लागि यो अधिवेशन महत्वपूर्ण विधेयाकहरु ल्याउँन सफल हुनेछ भन्ने शुभकामना गर्दै माननीय सभामुख महोदय प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि कुनै पनि माननीय सदस्यहरुले विरोधको सूचना दर्ता नगराई विधेयकलाई सभा समक्ष टेबुल गर्न मार्ग प्रसस्त गरिदिनु भएकोले सम्पूर्ण माननीय सदस्यज्यूहरुलाई धन्यवाद प्रदान गर्न चाहान्छु । प्रदेशमा औद्योगिक व्यवसायलाई व्यवस्थित गरि कानूनी मान्यता अनुरुप संचालन गर्न अतिआवश्यक भएकोले प्रदेश सरकारले उक्त आवश्यकता महसुस गर्दै यस विधेयकलाई सचिवालयमा दर्ता गराएको व्यहोरा सभा समक्ष जानकारी गराउँन चाहान्छु । माननीय सभामुखज्यूबाट विधेयक टेबुल गर्न अनुमति प्राप्त भएकोले प्रदेश सभा नियमावली, २०७४

को नियम १०६ को उपनियम १ बमोजिम प्रादेशिक औद्योगिक व्यवसाय सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७५ सभा समक्ष टेबुल गर्दछ धन्यवाद ।

*(टेबुल गरेपछि)*

१०. **माननीय सदस्यहरु,**

आजको बैठकको कार्वाही यही समाप्त हुन्छ अर्को बैठक मिति २०७६ साल जेष्ठ महिनाको २ गते विहिबार दिनको २:०० बजे बस्ने भएकोले उक्त समय सम्मको लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।